बैठक नं.

मिति २०७८/०१/२३

समयः- दिनको १२ वजे

स्थानः- गोलन्जोर गाउँपालिकाको कार्यालय, सिन्धुली।

आज मिति २०७८/०१/२३ गते विहिवार दिनको १२ वजे गोलन्जोर गाउँपालिका अध्यक्ष श्री पुष्प वहादुर कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपशिलको उपस्थितिमा वसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो।

<u>उपस्थिती:-</u>

| | |
|---|---|
| १) श्री पुष्प वहादुर कार्की | गाउँपालिका अध्यक्ष |
| २) श्री गंगादेवी श्रेष्ठ | उँपालिका उपाध्यक्ष |
| ३) श्री दौलत कार्की | गाउँपालिका प्रवक्ता |
| ४) श्री मिन वहादुर सुनुवार | कार्यपालिका सदस्य |
| ५) श्री पुष्कर राज वराल | कार्यपालिका सदस्य |
| ६) श्री वेग वहादुर गौदासे मगर | कार्यपालिका सदस्य |
| ७) श्री वुद्धि वहादुर पाल्पाली | कार्यपालिका सदस्य |
| ८) श्री पुरुषोत्तम श्रेष्ठ | कार्यपालिका सदस्य |

Scanned with CamScanner

| | |
|---|---|
| ९) श्री रोम वहादुर देवकोटा | कार्यपालिका सदस्य |
| १०) श्री भक्त वहादुर भुजेल | कार्यपालिका सदस्य |
| ११)श्री कुमारी माया मगर | र्यपालिका सदस्य |
| १२)श्री सावित्रा तामाङ्ग | कार्यपालिका सदस्य |
| १३)श्री जमुना कोइराला | कार्यपालिका सदस्य |
| १४) श्री रण वहादुर सार्की | कार्यपालिका सदस्य |
| १५)श्री ईन्द्र कुमारी हायु | कार्यपालिका सदस्य |
| १६)श्री प्रेम वहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत |

<u>अन्य उपस्थित</u>

| | |
|---|---|
| १) श्री रेगनराज थापा | ने.क.पा. एमाले |
| २) श्री मोतिराज सापकोटा | नेपाली काङग्रेस |
| ३) श्री के.पी. पोखरेल | ए. नेकपा माओवादी केन्द्र |
| ४) श्री ओम कुमार कार्की | ज.स.पा. |

Scanned with CamScanner

बागमती प्रदेश, नेपाल २०७३ गाउँपालिका गाउँपालिकाको कार्यालय खालटार, सिन्धुली

५) श्री अनिल राज गिरी — प्रहरी निरीक्षक (इ.प्र.का. खुर्कोट)

६) तारा कुमार श्रेष्ठ — अ.हे.व. ग्वालटार स्वा. चौ.

७) भिम कुमारी भण्डारी — स्वा. सह. संयोजक गोलन्जोर गा.पा.

८) वीरेन्द्र साह — स्वास्थ्य संयोजक गोलन्जोर गा.पा.

९) सुमन कुमार न्यौपाने — अ.हे.व. कुडुभञ्ज्याङ स्वास्थ्य चौकी

१०) मिन ब. अधिकारी — अ.हे.व. ग्वालटार स्वा. चौकी

११) रबिन श्रेष्ठ — सि.अ.हे.व. रतनचुरा स्वा. चौकी

१२) चेत ब. ठकुरी — अ.हे.व. बितिजोर स्वा. चौकी

१३) डा. चन्द्र कुमार राई — मेडिकल अधिकृत ग्वालटार अस्थाई COVID अस्पताल

१४) अमृत कुमार श्रेष्ठ — अ.हे.व. बाल्केश्वर स्वास्थ्य चौकी

१५ कृष्णराज श्रेष्ठ — जनकोवा लाउबारोपेक अस्पताल फाउलेसी

१६ डा. राजन न्यौपाने — शुभ जीवन हस्पिटल प्रा.ली.

१७ नरेश के. घिमिरे — प्र.अ. ग्वालटार स्वा. चौ.

१८ सुरेश पण्डित — सुनकोशी ग्रामगंगाभेडे अस्पताल

१९ गोपाल ब. कार्की — स्वा. चौकी सिरोखर

प्रमुख प्रशासकिय अधिकृत

प्रस्तावहरुः-

१) अत्यावश्यक सेवा वाहेक सम्पुर्ण सेवाहरु वन्द गर्ने ।

२) वजार अनुगमन गर्ने।

३) अक्सिजन र थप एम्वुलेन्स सेवाको लागि आवश्यक व्यवस्था गर्ने।

४) कोभिड-१९ मा खटिने टिम र स्वास्थ्यकर्मीहरुको प्रोत्साहन भत्ता र कोभिड-१९ व्यवस्थापन टिम गठन गर्ने।

५) मुद्धा सम्वन्धमा।

६) ढुङ्गा गिट्टी अनाधकृत रुपमा ओसार पसार गरेको खण्डमा लाग्ने जरिवाना सम्वन्धमा।

निर्णयहरुः-

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि यस गाउँपालिकाको कार्यालय तथा गाउँपालिका भित्रका सवै निकाय तथा कार्यालयवाट प्रवाह हुने अत्यावश्यक वाहेकका सम्पुर्ण सेवाहरु वन्द गर्ने निर्णय गरियो। साथै वजार तथा भिडभाडका क्षेत्रहरु आजकै मिति वाट पुर्ण रुपले वन्द गर्ने निर्णय गरियो। भौतिक दुरि कायम गरि तरकारी,खाद्यन्न, फलफुल र दुध डेरी विहान ६ वजे देखि विहान ९ वजे सम्म खोल्ने र यसका लागि प्रहरी प्रशासन संग समन्वय गर्ने निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा माहामारीका समयमा वजार अनुगमन तथा अनियमितता नियन्त्रण गर्न गाउँपालिकाको वजार अनुगमन समितिमा यस गाउँपालिकामा क्रियाशिल सवै राजनितिक दलका प्रमुख/प्रतिनिधि सहित संलग्न भई प्रहरी प्रशासन संगको सहकार्यमा वजार अनुगमन तथा नियमन गर्ने निर्णय गरियो।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिकामा रहेको ५ वेडको कोभिड हस्पिटललाई थप व्यवस्थित गर्न गोलन्जोर गाउँपालिका वडा नं. ७ खुर्कोट स्थित रहेको शुभ जिवन अस्पताल र सुनकोशी सामुदायिक अस्पताल संग विरामीको लागि आवश्यक भएअनुसार अक्सिजन तथा एम्वुलेन्स सहयोग माग गर्ने निर्णय गरियो।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा कोभिड-१९ को माहामारीको समयमा कोभिड संक्रमित व्यक्तिहरुलाई उपाचारको लागि २ जना सि.अ.हे.व. को नेतृत्वमा ल्याव टेक्निसियन सहित ६/६ जनाको २ टिम वनाई अग्रपङ्तीमा खटिनुपर्ने र प्रोत्साहन भत्ता वापत खाइपाई आएको शुरु तलव स्केलको ५० प्रतिशत रकम आजकै मितिवाट उपलब्ध गराइने र यो टिमलाई परिचालनका लागि एउटा गाडीको व्यवस्था गरिने। कोभिड अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरु र गोलन्जोर

प्रमुख प्रशासकिय अधिकृत

गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य संयोजक र सह संयोजकलाई पनि सोही वमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउने। साथै यस गोलन्जोर गाउँपालिका अन्तर्गत रहेको अन्य स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु र कार्यलय सहयोगीहरुलाई पनि खाइपाई आएको शुरु तलव स्केलको २५ प्रतिशत रकम उपलब्ध गराउने र आवश्यक मात्रामा स्वास्थ्य सामाग्रीहरुको खरिद गर्ने गरि तपशिल अनुसारको २ वटा कोभिड-१९ व्यवस्थापन टिम गठन गर्ने निर्णय गरियो। सो रकम विपद व्यवस्थापन कोषवाट खर्च गर्ने निर्णय गरियो।

<u>तपशिल</u>

कोभिड-१९ व्यवस्थापन टिम- क

| | | |
|---|---|---|
| क) संयोजक | - सि.अ.हे.व | - गोपाल कार्की |
| ख) सदस्य | - ल्याव असिष्टेण्ट | - विनिता राई |
| ग) सदस्य | - | - होमराज घिमिरे |
| घ) सदस्य | - | - विक्रम कार्की |
| ङ) सदस्य | - | - राजु श्रेष्ठ |
| च) का.स. | - | - प्रताप माझी |

कोभिड-१९ व्यवस्थापन टिम- ख

| | | |
|---|---|---|
| क) संयोजक | - अ.हे.व | - तारा कुमार श्रेष्ठ |
| ख) सदस्य | - ल्याव असिष्टेण्ट | - संजिता तामाङ्ग |
| ग) सदस्य | - | -अमृत श्रेष्ठ |
| घ) सदस्य | - | - रुषा खड्का |
| ङ) सदस्य | - | - सुन्दर श्रेष्ठ |
| च) का.स. | - | - पदमलाल श्रेष्ठ |

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार सिन्धुली र गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री पुष्प वहादुर कार्की समेतलाई विपक्षी/प्रत्यार्थी वनाई अर्जुन वहादुर थापा निवेदक/पक्ष रहेको सम्मानित जिल्ला अदालत सिन्धुलीको मुद्दा नं. ०७७-CP-०२७५ को सार्वजनिक जग्गा कब्जा गरि बनाएको घर संरचना हटाइ ज.खि.च.च. पाउँ भनि दर्ता भएको निवेदनको गाउँ कार्यपालिकाका अध्यक्ष श्री पुष्प बहादुर कार्की र गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार सिन्धुली तर्फवाट लिखित जवाफ पेश गरी तारेखमा रही कामकाज गर्न यस गाउँपालिकाका अध्यक्ष श्री पुष्प बहादुर कार्की र गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार सिन्धुलीका तर्फवाट श्री पुष्कर राज बराललाई वारेस तोक्ने निर्णय गरियो साथै कार्यालयको सो मुद्धासंग सम्वन्धित कागजात लाने ल्याउने कार्यका लागि न्यायीक समिति कर्मचारी तिर्थ कुमार भण्डारीलाई काजमा खटाउने निर्णय गरियो। र यस मुद्धामा लाग्ने खर्च विविध कोषबाट खर्च गरिने निर्णय गरियो।

पुष्प बहादुर कार्की
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

६) प्रास्ताव नं. ६ माथि छलफल गर्दा यस गोलन्जोर गाउँपालिका क्षेत्र भित्रबाट हुने ढुङ्गा, गिट्टी र वालुवा अनाधिकृत रुपमा ओसार पसार गरेको पाइएमा प्रति टिफर रु. १०००।– र प्रति ट्याक्टर रु.४००।– जरिवाना लाग्ने निर्णय गरियो। साथै यस गोलन्जोर गाउँपालिका भित्र निर्माणको क्रममा रहेका नयाँ सहर सडक डिभिजन कार्यालय खुर्कोटबाट बोलपत्र आह्वान गरी निर्माणको क्रममा रहेका सबै निर्माण व्यवसायीको हकमा यस गोलन्जोर गाउँपालिकाको आर्थिक ऐन २०६६ बमोजिम प्रति घनमिटर रु.५०।– का दरले राजस्व लिने/बुझाउनुपर्ने निर्णय गरियो। तर IEE प्रतिवेदन अनुसारको म्याद समाप्त भएकाले अघिल्लो प्रतिवेदन अनुसारनै तत् तत् स्थानबाट १५ दिनका लागी ढुङ्गा, गिट्टी, वालुवा कर तिरी/लिई झिक्न दिने निर्णय गरियो।

बहादुर कार्की
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत